**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ जुलाई २०२६**
समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- संसदको मनसुन सत्र भोलिदेखि सुरु हुँदैछ| सरकारले आज संसद भवन परिसरमा सर्वदलीय बैठकको आयोजन गरेको थियो।
- राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले विद्यार्थी र अभिभावकहरूलाई ऑप्टिकल अंक प्रमाणन पत्र- ओ.एम.आर. शीटको जांचको लागि केवल असली शीट जमा गर्न परामर्श दिएको छ।
- खरसाङ डिभिजनल फरेस्ट विभागको आयोजनामा आरण्य सप्ताह अन्तर्गत विभिन्न सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।
- मौसम विभागले दार्जीलिङ, कालेबुङ, जलपाईगुड़ी र अलिपुरद्वार जिल्लामा अति घना वर्षाको लागि रेड र अरेञ्ज अलर्ट जारी गरेको छ।
- फिफा विश्वकपको उपाधिका लागि आज राति न्यु जर्सीमा अर्जेन्टिना र स्पेनबीच भिडन्त हुनेछ। खेल भारतीय समयअनुसार राति १२ बजेर ३० मिनेटमा सुरु हुनेछ।

## सरकार-सर्वदलीय बैठक

संसदको मनसुन सत्र भोलिदेखि सुरु हुँदैछ। मनसुन सत्र शुरु हुनु अघि सरकारले आज संसद भवन परिसरमा सर्वदलीय बैठक बोलाएको थियो। रक्षामन्त्री राजनाथ सिंहले बैठकको अध्यक्षता गर्नुभयो भने राज्यसभामा सदनका नेता जगत प्रकाश नड्डा, संसदीय कार्य मन्त्री किरेन रिजिजु र संसदीय कार्य राज्यमन्त्री अर्जुन राम मेघवाल अनि डा. एल. मुरुगनको पनि बैठकमा उपस्थिति रहेको थियो। पत्रकारहरुसँग कुरा गर्दै श्री रिजिजुले सबै राजनीतिक दलहरूलाई संसदीय कार्यवाहीको सुचारु सञ्चालन सुनिश्चित गर्न र महत्त्वपूर्ण मुद्दाहरूमा रचनात्मक चर्चामा संलग्न हुन आग्रह गर्नुभयो। उहाँले संसदमा अवरोधभन्दा सकारात्मक छलफल हुनुपर्छ भन्ने कुरामा जोड दिनुभयो, किनकि यसले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउँछ।

*Byte*

## एनटीए

राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले विद्यार्थी र अभिभावकहरूलाई ऑप्टिकल अंक प्रमाणन पत्र- ओ.एम.आर. शीटको जांचको लागि केवल असली शीट जमा गर्न परामर्श दिएको छ। फर्जी अथवा ए.आई. ले बनाईएको ओएमआर शीट पेश गर्दा कानुनी कारबाही हुन सक्छ| त्यसैले, विद्यार्थी र अभिभावकहरूलाई जाँचको लागि केवल असली ओएमआर शीट मात्र पेश गर्न आग्रह गरिएको छ। परीक्षा एजेन्सी अनुसार, हालैका समयमा प्रमाणीकरणको लागि पेश गरिएका धेरै ओएमआर शीटहरू फर्जी पाइएका छन्। फलस्वरूप, प्रत्येक उजुरी र ओएमआर शीट अब सावधानीपूर्वक जाँच गरिँदैछ।

## कोलकाता कोभिड-19

कोलकाताको दक्षिण गडिया क्षेत्रमा बसोबास गर्ने १० वर्षीय बालकमा कोभिड-19 संक्रमण पुष्टि भएपछि निजी अस्पतालमा भर्ना गरिएको छ। उच्च ज्वरो, खोकी र सास फेर्न गाह्रो भएपछि बालकलाई अस्पताल लगिएको थियो। चिकित्सकका अनुसार बालकको अवस्था हाल स्थिर रहेको छ र गहन निगरानीमा राखिएको छ। जाँचमा दाहिने फोक्सोमा निमोनियाको लक्षण देखिएको छ। बालकलाई नेबुलाइजेशनसहित आवश्यक उपचार प्रदान गरिएको छ भने उनकी आमालाई पनि अलगै राखिएको छ। यसैबीच, स्वास्थ्य विभागले ओमिक्रोनको नयाँ उपस्वरूप "सिकाडा" को सम्भावित प्रभावबारे निगरानी बढाएको छ। संक्रमणको लागि जिम्मेवार स्वरूप पहिचान गर्न नमूनाहरू पुणेस्थित राष्ट्रिय विषाणु विज्ञान संस्थान पठाइएको जनाइएको छ। पुणेमा पनि पछिल्ला १० दिनमा कोभिडका नयाँ संक्रमित फेला परेका छन्। चिकित्सकका अनुसार अधिकांश बिरामीमा हल्का लक्षण मात्र देखिएका छन्, तर वर्षायाममा कोभिड-19 सँगै इन्फ्लुएन्जा-ए र एच१एन१ संक्रमणका घटना पनि बढ्न सक्ने भएकाले सतर्कता

अपनाउन आग्रह गरिएको छ। ज्वरो, घाँटी दुख्ने, खोकी अथवा सास फेर्न गाह्रो भए तुरुन्त परीक्षण गराउन स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन्।

**तारापीठ मन्दिर नयाँ नियम**

तारापीठ मन्दिरमा श्रद्धालुहरूको सुविधा, सुरक्षा तथा मन्दिरको व्यवस्थालाई अधिक सुव्यवस्थित बनाउने उद्देश्यले तारामाता सेवायत सङ्घले आगामी एक अगस्तदेखि मन्दरिको नयाँ नियमावली लागू गर्ने घोषणा गरेको छ। मन्दिर प्रशासनद्वारा जारी सूचना अनुसार दर्शन, पूजा, भोग औ आरतीको समयमा फेरबदल गरिएको छ। यसको साथै गर्भगृहमा मोबाइल फोन लैजानदेखि रोक लगाइएको छ।

**आरण्य सप्ताह खरसाङ**

खरसाङ डिभिजनल फरेस्ट विभागको आयोजनामा आरण्य सप्ताह अन्तर्गत विभिन्न सचेतना कार्यक्रम साथै वृक्ष रोपणको कार्य सम्पन्न गरिएको छ। यस कार्यक्रम खरसाङको डाउहिलस्थित वन विभागको म्युजियम क्षेत्रमा सम्पन्न भयो। प्रत्येक वर्ष 14 देखि 20 जुलाईसम्म आरण्य सप्ताह पालन गर्ने गरिन्छ। यसै अन्तर्गत वन विभाग खरसाङको आयोजनामा विभिन्न कार्यक्रमहरु आयोजना भईरहेको छ भने आज खरसाङमा आरण्य सप्ताहलाई लिएर विभिन्न सचेतनामूलक कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा अडिशनल चिफ् जुडिशियल मेजिस्ट्रेट तन्मय रोय उपस्थित हुनु हुन्थ्यो। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा खरसाङ महकुमा शासक आईएएस प्रिया यादव, दार्जिलिङका डीएफओ समित पटेल, डीएफओ खरसाङ आईएफएस देवेश पाण्डे लगायत अन्य अधिकारीहरुको उपस्थिति रहेको थियो।

**सीबीएसई कक्षा १० परीक्षा परिणाम**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले कक्षा १० को दोस्रो बोर्ड परीक्षाको परिणाम घोषणा गरेको छ। विद्यार्थीहरूले आफ्नो नतिजा डिजी लॉकर परिणाम पोर्टलमा हेर्न सक्ने छन्। राष्ट्रिय शिक्षा नीति अन्तर्गत, यस वर्ष पहिलो पटक कक्षा १० को लागि दुई बोर्ड परीक्षाहरू सञ्चालन गरिएको थियो। मुख्य परीक्षा १७ फरवरी देखि ११ मार्च सम्म आयोजित गरिएको थियो, जबकि दोस्रो बोर्ड परीक्षा १५ मई देखि २१ मई सम्म आयोजित गरिएको थियो। बोर्डका अनुसार दुवै परीक्षाको संयुक्त नतिजाको आधारमा यस वर्ष कुल ९६ दसमलव ७८ प्रतिशत विद्यार्थीहरू सफल भएका छन्।

**मौसम**

पश्चिम बङ्गालमा मनसुन सक्रिय रहेको कारणले राज्यका विभिन्न भागहरूमा वर्षा कायम रहने सम्भावना छ। मौसम विभाग अनुसार उत्तर बङ्गालका केही जिल्लाहरूमा अति भारी वर्षा हुने चेताउनी जारी गरिएको छ भने दक्षिण बङ्गालका जिल्लाहरूमा मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुनसक्छ। मौसम विभाग अनुसार दार्जीलिङ, कालेबुङ, जलपाईगुड़ी र अलिपुरद्वार जिल्लामा अति घना वर्षा हुने सम्भावना छ। यी क्षेत्रहरूको लागि रेड र अरेञ्ज अलर्ट जारी गरिएको छ। अविरल वर्षाको कारणले पर्वतीय क्षेत्रहरूमा पैह्रो तथा समतलमा जलभराउको आशङ्का व्यक्त गरिएको छ। दक्षिण बङ्गालमा कोलकाता सहित हावड़ा, हुगली, उत्तर एवं दक्षिण 24 परगना, पूर्व औ पश्चिम मेदिनीपुर, झाड़ग्राम तथा अन्य जिल्लाहरूमा आंशिक रूपमा बादल छाइरहने तथा कतै-कतै मेघ गर्जनसितै वर्षा हुने पूर्वानुमान व्यक्त गरिएको छ।

**सिलगढ़ी वाहन दुर्घटना**

सिलगढ़ीदेखि गान्तोक जाने बाटो सेवक रोडको सात माइल छेउमा हिजो राती सेनाको वाहन र अर्को वाहन आपस्तमा ठोक्किएर दुर्घटनाग्रस्त भयो जसमा तीन वर्षीय बालकको मृत्यु भयो। यस दुर्घटनामा सेनाको वाहनमा सवार तीन जना जवान, उनकी पत्नीहरू र चार जना बाल-बालिकाहरू सहित दश जना घाइते भए। सबै घाइतेहरूलाई सेवक रोडस्थित एक नर्सिङ्ग होममा लगियो जहाँ डाक्टरहरूले एकजना बालकलाई मृत घोषित गरिदिए।

**फिफा फाइनल**

फिफा विश्वकपको उपाधिका लागि आज राति न्यु जर्सीमा अर्जेन्टिना र स्पेनबीच भिडन्त हुनेछ। खेल भारतीय समयअनुसार राति १२ बजेर ३० मिनेटमा सुरु हुनेछ। अर्जेन्टिनाले हालसम्म तीन पटक विश्वकप उपाधि जितिसकेको छ। लियोनल मेस्सीको टीमले 1962 पछि पहिलो पटक लगातार दुई विश्वकप जित्ने टीम बन्ने लक्ष्य राखेको छ। स्पेनले भने 2010 पछि दोस्रो विश्वकप उपाधि जित्ने प्रयास गर्नेछ। यसअघि तेस्रो स्थानका लागि भएको खेलमा इंग्ल्यान्डले फ्रान्सलाई ६–४ ले हराउँदै कांस्य पदक जितेको छ।

**********